बैठक नं. ७७
आ.व.२०८२।०८३

मिति : २०८२।०१।०९
समय : विहान ८:०० बजे
स्थान : विरहुवा सा.व.को बैठक हल वडा न ७

आज मिति २०८३।०१।०९ गतेका दिन यस घोडाघोडी नगरपालिकाका नगर प्रमुख श्री खडक बहादुर रावत ज्यूको अध्यक्षतामा तपशिलको उपस्थितीमा नगरकार्यपालिकाको बैठक वसी निम्न बमोजिमका प्रस्तावहरु माथि छलफल गरि निम्नानुसारको निर्णय गरियो ।

उपस्थिती :

१) नगर प्रमुख श्री खडक बहादुर रावत
२) नगर उप–प्रमुख श्री गुलिया कुमारी चौधरी
३) वडा नं. १वडा अध्यक्ष श्री घनश्याम ओझा
४) वडा नं. २ वडा अध्यक्ष श्री लक्ष्मी प्रसाद चौधरी
५) वडा नं. ३ वडा अध्यक्ष श्री कृष्ण प्रसाद गौतम
६) वडा नं. ४ वडा अध्यक्ष श्री भरत बहादुर शाही
७) वडा नं. ५ वडा अध्यक्ष श्री लोक बहादुर चन्द
८) वडा नं. ६ वडा अध्यक्ष श्री धन बहादुर चौधरी
९) वडा नं.७ वडा अध्यक्ष श्री जुगराम डगौरा
१०) वडा नं. ८ वडा अध्यक्ष श्री विर बहादुर साउँद
११) वडा नं. ९ वडा अध्यक्ष श्री हरिचन्द्र शाह
१२) वडा नं. १०वडा अध्यक्ष श्री विजय राज स्वार
१३) वडा नं. ११वडा अध्यक्ष श्री दान सिंह जोगी
१४) वडा नं. १२ वडा अध्यक्ष श्री राम दुलारे चौधरी
१५) नगरकार्यपालिका सदस्य (वडा नं. २) श्री गिता सुनार
१६) नगरकार्यपालिका सदस्य (वडा नं. ३) श्री विस्ना देवी डगौरा
१७) नगरकार्यपालिका सदस्य (वडा नं. ६) श्री कमला कुमारी वि.क. चुनारा
१८) नगरकार्यपालिका सदस्य(वडा नं. ८) श्री भवीसरा भण्डारी
१९) नगरकार्यपालिका सदस्य (वडा नं. १०) श्री मिना कुमारी वि.क.
२०) नगरकार्यपालिका सदस्य(वडा नं. ३) श्री भक्त बहादुर वि.क.
२१) नगरकार्यपालिका सदस्य (वडा नं. ४) श्री टेकेन्द्र बहादुर नेपाली
२२) नगरकार्यपालिका सदस्य (वडा नं. १२) श्री आकाश परियार
२३) नगरकार्यपालिका सचिव श्री शिव सिंह भण्डारी

घोडाघोडी नगरपालिकाको आ.व.२०८२।०८३ बैठक नं ७७ मा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णयहरु
बैठक मिति : २०८३।०१।०९ समय : विहान ८:०० बजे
बैठकको अध्यक्षता : नगर प्रमुख श्री खडक बहादुर रावत

प्रस्तावहरु :

१) प्रदेश समपुरक र विषेश अनुदानका योजना कार्यक्रम माग गर्ने सम्बन्धमा ।
२) कृषि हाटवजारको जग्गा न.पा. को नाममा कायम गर्ने सम्बन्धमा ।
३) २ न.वडा कार्यालयको भवन निर्माण स्थल सम्बन्धमा ।
४) शिक्षा सम्बन्धि निर्देशिका मापदण्ड सम्बन्धमा ।
५) आवधिक योजनाको समिक्षा सम्बन्धमा ।
६) वार्षिक निति तथा कार्यक्रमको समिक्षा सम्बन्धमा ।
७) आ.व.२०८२।०८३को पहिलो,दोस्रो र तेस्रो त्रैमासिकको समिक्षा सम्बन्धमा ।
८) वजेट तर्जुमाका चरणहरुको छलफल सम्बन्धमा ।
९) आगामी आ.व.२०८३।०८४ को वार्षिक निति तथा कार्यक्रम तर्जुमाका लागि विषयगत क्षेत्र विभाजन र जिम्मेवारी सम्बन्धमा ।
१०) सवारी चालकको पदपूर्ति सम्बन्धमा ।
११) गैडाखेडा आधारभूत स्वास्थ्य सेवा केन्द्रको संचालन सम्बन्धमा ।
१२) अन्य विविध विषयका सम्बन्धमा।

निर्णयका कानुनी आधार : स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्य सम्बद्ध ऐन कानुनहरु

निर्णयहरु :

निर्णय नं. १. प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा प्रदेश सरकारबाट स्थानीय तहमा आ.व.२०८३।०८४ का लागि समपुरक तथा विशेष अनुदान अन्तर्गत संचालन गरिने योजना, कार्यक्रमका लागि प्रदेश समपुरक र विषेश अनुदान सम्बन्धी कार्यविधि २०८२ बमोजिम यस नगरपालिकाबाट आ.व. २०८३।०८४ मा कार्यान्वयन हुने योजना कार्यक्रमहरुको लागि तपशिल बमोजिमका योजना तथा कार्यक्रमहरु प्राथमिकरण सहित माग गर्ने निर्णय गरियो ।

तपशिल :

प्रदेश समपुरक अनुदान तर्फका योजना,कार्यक्रम
१) सिम्थरी माघी होम स्टे हुदै गैडाखेडा जाने सडक कालो पत्रे वडा नं ४ (क्रमागत)
२) थेवै झिरौखा शिखरझाला जाने बाटो कालोपत्रे वडा नं ९ र १०(क्रमागत)
३) देउकलिया देखि वडा कार्यालय हुदै सरैया जाने बाटो कालोपत्रे वडा न ५(क्रमागत)

प्रदेश विषेश अनुदान तर्फका योजना/कार्यक्रम
१) विपन्न तथा सिमान्तकृत समूदायका लागि नमुना तथा एकिकृत आवास कार्यक्रम (क्रमागत)
२) जनज्योती मा.वि.सुन्दरपुरमा फर्निचर,शैक्षिक सामाग्री,कम्प्युटर,डिजिटल बोर्ड,प्रयोगशाला उपकरण,पुस्तकालय,शौचालय र खानेपानी व्यवस्थापन वडा नं. १
३) वडा न ४,५,६,८ र ९ का कृषक समूहहरुको लागि डीप ट्युवेल निर्माण
नोट : मातृशिशु तथा वालवालिकका लागि षोषण सुधार कार्यक्रम र राष्ट्रिय मा.वि.तारानगरमा फर्निचर,शैक्षिक सामाग्री,कम्प्युटर,डिजिटल बोर्ड,प्रयोगशाला उपकरण,पुस्तकालय,शौचालय र खानेपानी व्यवस्थापन, वडा न ८ प्रस्ताव नभएको

निर्णय नं. २. प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा घोडाघोडी नगरपालिका वडा न १ लोहरपुरमा कृषि ज्ञान केन्द्रबाट निर्माण भएको कृषि उपज संकलन केन्द्र रहेको गग्गा धनिले नगरपालिकाको नाममा रजिष्ट्रशन पास गरि दिन मन्जुर भएकोले उक्त जग्गा नगरपालिकाको नाममा कायम गर्न स्वीकृति दिने र सो कार्यका लागि भूमि सुधार तथा मालपोत कार्यालय कैलालीमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ३. प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा घोडाघोडी नगरपालिका २ न वडा कार्यालयको वडा कार्यालय भवन